संयुक्त राज्य अमेरिका नेपाली जनतामा बधाइ ज्ञापन गर्दछ

चैत्र २८ गते सम्पन्न संविधान सभा निर्वाचनको सफलताको लागि संयुक्त राज्य अमेरिका, नेपाली जनतामा हार्दिक वधाइ ज्ञापन गर्दछ । गत आम निर्वाचन पछिको करिब एक दशक र संविधान निर्माणका लागि आफ्ना प्रतिनिधिहरु चुन्न पाउन पर्ने आधा शताब्दी भन्दा बढी समयदेखिको मागका सम्बन्धमा मतदाताहरुले अभिव्यक्ति दिएका छन् । चुनावपूर्वका हिंसाका घटनाहरु, डर-धम्की तथा उम्मेदवार एवं पार्टि-कार्यकर्ताहरुको दुःखद निधानका कारण केही प्रतिशत मतदान केन्द्रहरुमा मात्र पुनः मतदान आवश्यक देखिएका छन् । सम्पूर्ण नेपाली महिला तथा पुरुषहरुले भयरहित र व्यवस्थित तवरले हर्ष-उल्लासका साथ आ-आफ्नो मत खसालेका छन् । यो कार्य एक ऐतिहासिक उपलब्धि हो । नेपाली जनताको साहस एवं निवार्चन आयोगलाई यसको श्रेय जान्छ । नेपालले शान्ति र लोकतन्त्रका लागि एक ठूलो खुड्किलो पार गरेको छ । आउँदा दिन तथा हप्ताहरुमा मतदान गणनाको समयमा निर्वाचन परिणामहरुप्रति सम्यमित रहन तथा त्यसलाई सम्मान गर्न हामी अनुरोध गर्दछौं । नेपालीहरुको शान्ति, लोकतन्त्र र सम्मुनत भविष्यप्रतिको चहानामा सहयोग गर्न हामी दृढतापूर्वक तत्पर छौ ।

###